## IOWA को खोप कानून

यो ब्रोसरले Iowa को विद्यालयमा उपस्थित हुनका लागि बच्चाको निम्ति न्यूनतम खोप आवश्यकताहरूलाइ रेखांकित गर्दछ। यी आवश्यकताहरू Iowa कानुन र खोप अभ्यासहरूमा सल्लाहकार समिति (Advisory Committee on Immunization Practices, ACIP) को सिफारिसहरूमा आधारित छन् र समूह सेटिङहरूमा एक स्वस्थ बच्चालाइ कायम राख्नका लागि न्यूनतम आवश्यकताहरू हुन्।

Iowa को खोप आवश्यकताहरू घरमै शिक्षा प्राप्त गर्नेहरू सहित Iowa का विद्यालयहरूमा जाने सबै व्यक्तिहरूमा लागू हुन्छन्।



## खोपहरूः रोकथाममा तपाईंको सर्वोत्तम प्रयास।

यदि खोपहरूको बारेमा तपाईंसँग प्रश्नहरू छन् भने, आफ्नो स्वास्थ्य सेवा प्रदायकलाइ सोध्नुहोस्।

**खोप तथा रोगहरूका बारेमा थप जानकारी का लागि, निम्नमा जानुहोस्**

- **hhs.iowa.gov/public-health/immunization**
- **www.immunize.org**
- **www.cdc.gov/vaccines**
- **www.aap.org**

Health and Human Services

**Public Health**

09/2024

# विद्यालय खोपका आवश्यकताहरू

राम्रो जीवनका लागि खोप लगाउनुहोस्!



Health and Human Services

**Public Health**

## आवश्यक खोपहरू
प्राथमिक/माध्यमिक विद्यालय

### डिप्थेरिया/टिटानस/पर्टुसिस

4 वर्षको उमेरमा वा यसपछि प्राप्त कम्तिमा 1 मात्राको साथ **5 मात्राहरू** ; वा यदि चौथो मात्रा 4 वर्षको उमेरमा वा पछि प्राप्त भएको थियो भने **4 मात्राहरू** ; र

ग्रेड 7 र माथिका आवेदकहरूका लागि टिटानस/डिप्थेरिया/एसेल्युलर पेर्टुसिस-युक्त खोप (Tetanus/Diphtheria/Acellular Pertussis, Tdap) को **1 मात्रा** 10 वर्षको उमेरमा वा यसपछि प्राप्त हुनेछ।

### पोलियो

**4 वर्षको उमेरमा** वा यसपछि प्राप्त कम्तिमा 1 मात्राको साथ 4 मात्राहरू; वा यदि तेस्रो मात्रा **4** वर्षको उमेरमा वा पछि प्राप्त भएको थियो भने 3 मात्राहरू।

### दादुरा/रुबेला

**2 डोज**

### हेपाटाइटिस B

**3 डोज**

### भेरिसेला

**2 मात्राहरू**; वा प्राकृतिक रोगको एक विश्वसनीय इतिहास।

### मेनिन्गोकोकल

कक्षा 7 देखि 11 सम्मका आवेदकहरूका लागि 10 वर्षको उमेरमा वा यसपछि प्राप्त भएको **1 मात्रा** ; र

**कक्षा 12 मा** आवेदकहरूका लागि 16 वर्षको उमेरमा वा यसपछि प्राप्त भएको 1 मात्रासहितको **2 मात्रा;** वा कक्षा 12 का आवेदकहरूका लागि, यदि मात्रा 16 वर्षको उमेरमा वा यसपछि प्राप्त भएको थियो भने **1 मात्रा।**

## खोपको प्रमाण

### खोपको प्रमाणपत्र

खोपको प्रमाणपत्र बच्चा उपस्थित हुने विद्यालयलाइ प्रदान गरिनुपर्छ। मान्य हुनका लागि, खोपको प्रमाणपत्रमा बच्चाको नाम र जन्म मिति, आवश्यक खोपहरू प्राप्त भएको मिति समावेश हुनुपर्छ र चिकित्सक (MD वा DO), चिकित्सकको सहायक, नर्स वा प्रमाणित चिकित्सा सहायकले हस्ताक्षर गरेको हुनुपर्छ।

### खोपको अस्थायी प्रमाणपत्र

खोपको अस्थायी प्रमाणपत्रलाइ एक U.S. विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण हुने विद्यार्थीलाइ वा आफ्नो उमेरका लागि आवश्यक खोपहरू सुरु गरेको तर खोपहरू पूरा नगरेको बच्चालाइ प्रदान गर्न सकिन्छ। अस्थायी नामाँकनका लागि योग्य हुनका लागि, बच्चाले आफ्नो उमेरका लागि आवश्यक पर्ने प्रत्येक खोपहरूका कम्तीमा एक मात्रा प्राप्त गर्नुपर्छ। आवश्यक खोपको अर्को मात्रा सकेसम्म चाँडो दिनुपर्छ तर अघिल्लो मात्रा(हरू) पाएको समयदेखि 60 दिन भन्दा बढि हुनुहुदैँन। यदि 60 दिनको अन्त्यमा, बच्चाले खोपको अर्को आवश्यक मात्रा(हरू) प्राप्त गरेको छैन भने, यो बच्चा विद्यालयमा उपस्थित हुन सक्दैन।

### चिकित्सा छुट

यदि एक स्वास्थ्य सेवा प्रदायकले खोप(हरू) बच्चालाइ हानिकारक हुने छ भन्ने ठान्छ भने एक चिकित्सा छुट प्रदान गर्न सकिन्छ। मान्य हुनका लागि, खोप छुटको चिकित्सा प्रमाणपत्र एक Iowa इजाजतपत्रवाहक चिकित्सक (MD वा DO), चिकित्सकको सहायक वा नर्स व्यवसायीले पूरा गरी हस्ताक्षर गरेको हुनुपर्छ।

### धर्म छुट

खोपहरू साँचो र निष्कपट धार्मिक विश्वाससँग बाझिएको छ र वैज्ञानिक, चिकित्सा वा व्यक्तिगत विचारमा आधारित छैन भने धार्मिक छुट प्रदान गर्न सकिन्छ। मान्य हुनका लागि, खोप छुटको धार्मिक प्रमाणपत्र बच्चाको नाम र जन्ममितिको साथ पूरा गरिएको हुनुपर्छ र व्यक्ति वा बच्चाको आमाबाबु वा अभिभावकद्वारा हस्ताक्षर गरिएको हुनुपर्छ।

### प्रवर्तन

विद्यार्थीहरू खोपको प्रमाणपत्र, खोपको अस्थायी प्रमाणपत्र वा खोप छुटको प्रमाणपत्र बिना विद्यालयको पहिलो दिनमा उपस्थित हुन सक्दैनन्।

### खोपका रेकर्डहरू

सुरक्षित स्थानमा खोप रेकर्ड राख्नु महत्त्वपूर्ण छ। जीवनभर खोपको प्रमाण आवश्यक हुन सक्छ। Iowa स्वास्थ्य र मानव सेवा विभागले एतिहासिक कागज खोप रेकर्डहरू राख्दैन। यद्यपि, खोप रेकर्डहरू Iowa को खोप रजिस्ट्री सूचना प्रणाली (Immunization Registry Information System, IRIS) मा प्रविष्ट गर्न सकिन्छ। IRIS मा खोपहरू प्रविष्ट गर्ने र तपाईको रेकर्डको प्रतिलिपिहरू प्राप्त गर्नेबारे आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।

### क्याम्पस तथा विश्वविद्यालयहरू

विद्यालयका खोप आवश्यकताहरू क्याम्पस तथा विश्वविद्यालयहरूमा लागू हुँदैनन्। विशेष खोप आवश्यकताहरूका लागि कलेज वा विश्वविद्यालयलाइ सिधै सम्पर्क गर्नुहोस्।